# शैल्यशिखर नगरपालिका

# श्वेत पत्र २०७९

आदरणीय नगरवासी आमा वुवा दिदी वहिनी तथा दाजुभाईहरु । मुलुक संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्च्यात सम्पन्न भएको स्थानिय तहको द्रोश्रो निर्वाचनमा हामी लाई आशा,भरोषा र विश्वास गरी नगर प्रमुख, नगर उप-प्रमुख,वडा अध्यक्ष तथा सदस्यहरुलाई वहुमतका साथ विजय गराई शैल्यशिखर नगरपालिकाको सरकार संञ्चालन गर्ने जिम्मेवारी प्रदान गर्नु भएकोमा पुन : सम्पुर्ण शैल्यशिखरवासी जनसमुदायप्रति हार्दिक सम्मान तथा आभार प्रकट गर्दछु ।

आदरणीय दिदीवहिनी तथा दाजुभाईहरु यहाँहरुले हामीप्रति गरेको विश्वास अगामी ५ वर्षका लागी केवल नगरको हितमा मात्र केन्द्रित रहेर जनताको सेवा गर्नको लागी हो भन्ने हामीले अनुभुत गरेका छौ । यस ऐतिहासिक जिम्मेवारीलाई ईमान्दारितापूर्वक निर्वाह गर्न प्रतिवद्धता गर्दछौ । हाम्रो मुख्य ध्येय दिगो विकास , गुणस्तरीय सेवा प्रवाह, सुशासन तथा रोजगारी सिर्जना गर्ने रहेको छ । यी लक्ष्यहरु पुरा गर्नका निमित्त हामी निरन्तर विभिन्न निकाय सँग आवश्यक समन्वय र साझेदारी गर्दै कार्यान्वयनको दिशामा अघि वढ्ने छौ ।

जनताले आफूँमा निहीत सार्वभौमसत्ताको प्रयोग गरी निर्माण गरेको नेपालको संविधानले तीन तहका सरकारको व्यवस्था गरी कार्यजिम्मेवारी र स्रोत साधनको व्यवस्था गरेको छ । सहकारीता, समन्वय र सहकार्यमा आधारित भएर तीनै तहका सरकारले स्वशासन र सहशासनको माध्यमवाट संघीयताको कार्यान्वयन गर्न दिशा निर्देश गरेको छ । यसै सन्दर्भमा स्थापित स्थानीय सरकारले नागरिकप्रति पूर्ण रुपले जवाफदेही भएर स्थानीय आवश्यकताको सिघ्र, यथोचित संवोधन गर्नुपर्ने हुन्छ । विविधता, अन्तरनिर्भरता,जवाफदेहीता, कुशलता र एकता जस्ता अन्तरनिहीत सिद्धान्तहरुलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको सुरुवात देखिनै सवलीकरण गर्न तथा तिनीहरुको समन्यायीक वितरण मार्फत नागरिकमा खुसी र समृद्धी ल्याउन दत्तचित्त रहनु स्थानीय सरकारको कर्तव्य रहन्छ । स्वतन्त्रता, समानता, सामाजिक संरक्षण, सामाजिक न्यायको प्रवर्द्धन गर्दै नागरिकका मौलिक एवं आधारभूत हक अधिकार प्राप्ती र उपभोगको व्यवस्था मिलाउने दायित्व स्थानीय सरकारमा छ भने जनताको नजिक रहेर आधारभूत सेवा प्रवाह गर्ने तथा सर्वाङ्गीण विकासका क्रियाकलापको संचालन, सहजीकरण, नियमन गरी समृद्धीको यात्रामा स्थानीय तहलाई डोरयाउने जिम्मेवारी पनि रहेको छ । स्थानीय सरकारको रुपमा स्थानीय तहमा व्यवस्थापिका र कार्यपालिकाको संरचनागत प्रवन्ध हुने गरी पहिलो स्थानीय सरकारको निर्वाचन भएको ५ वर्ष व्यथित भइसकेको छ । नेपालको संविधान, राज्यले कार्यान्वयनमा ल्याएका आवधिक योजनाहरु (चौधौ र पन्ध्रौ), दिगो विकास लक्ष्य, संघीय तथा सुदुरपश्चिम प्रदेश सरकारका वार्षिक नीति , कार्यत्रक्म तथा वजेट, संघीय र सुदुरपश्चिम प्रदेशका ऐन कानूनको दिशानिर्देशमा रही शैल्यशिखर नगर कार्यपालिकाले पाँचवटा नीति कार्यक्रम तथा वजेटको कार्यान्वयन गरिसकेको छ । शैल्यशिखरवासी आमावुवा दाजुभाई तथा दिदी वहिनीहरुको अमूल्य मतको नासो मार्फत स्थानीय सरकारको जिम्मेवारीमा पुगेका हामी अघिल्लो निर्वाचित प्रतिनिधिहरुवाट नागरिक प्रति जवाफदेही चनाखो रुपमा सेवा प्रवाह र विकास निर्माणका कार्य सुचारु हुन नसकेका

कारण यहाँहरुले निर्वाचन मार्फत नगर विकासको वागडोर हामीलाई सुम्पदा शैल्यशिखर नगरपालिकाको अवस्थालाई निम्नानुसार चित्रण गरिएको छ :

## नगरभित्रका मुख्य समस्या :

- श्रोतको सुनिच्तिता नभई उपभोक्ताहरुलाई मौखिक आदेशको भरमा काम गर्न लगाएको । जसले गर्दा नगरपालिकालाई आर्थिक भार पर्न गएको ।
- संगठन सर्वेक्षण विनै श्रोतले धान्नै नसक्ने गरी कर्मचारी भर्ना गरिएको । नगरपालिकामा अनावश्यक कर्मचारी भर्ना गर्दा आर्थिक भार थप हुदै गएको ।
- नगर करार कर्मचारिहरुको अभिलेखहरु नभएको जसले गर्दा कर्मचारी संख्या पत्ता लगाउन अप्ठ्यारो परेको ।
- ठुलो मात्रामा पटक पटक वजेट रकमान्तर गरिएको जसले गर्दा नगरसभाको प्राथमिकतामा परेका योजना तथा कार्यक्रम प्रभावित भएका ।
- बजेटलाई ढिकामा राखी तोक आदेशमा वजेट खर्च गर्ने गरिएको साथै विकास भन्दा व्यावस्थापन खर्च वढी हुने गरेको ।
- प्रमुख प्रशासनिक भवन लगायत वडा भवनहरु नभएकाले आवश्यक भन्दा वढी घर भाडामा लिई नगरपालिकालाई आर्थिक भार थपिन गएको ।
- स्थायी कर्मचारी न्युन संख्यामा भएका । लोकसेवा आयोगलाई स्थायी दरवन्दी माग नै नगर्ने गरेको ।
- कर प्रणाली व्यावस्थित नभएको करको दायर भन्दा दरमा वृद्धि गरेको ।
- वजार व्यवस्थापन ,वसपार्क र फोहोर व्यवस्थापनमा पूर्व स्थानिय सरकार वेखवर रहेको ।
- ईन्धन र सवारी साधन मितव्ययीता नअपनाएको । प्रेट्रोलपम्प लाई मापदण्ड विना कुपन वाट तेल लिने गरेको साथै कुपनमा लेखिएको भन्दा आधा तेल दिने गरेको जसले गर्दा अनुमान भन्दा दोव्वर खर्च वृद्धि भई आर्थिक भार पर्न गएको ।
- यस नगरपालिकाको नगर सभा तोकिएको समयमा सम्पन्न नगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार असार १० गते नगर सभा मार्फत बार्षिक नीती तथा कार्यक्रम र बजेट पेस गरी सक्नु पर्ने ब्यवस्था भएपनि सो अनुरुप कार्यान्वयन नभएको हिउँदे नगर सभा एवम अधिवेशन पुस, माघमा गर्नुपर्नेमा चैत बैशाखमा हुने गरेको पाईयो ।
- नगर सभाका निर्णयहरु बिना छलफल पूर्वाग्रही ढङ्गबाट हुने गरेको पाईयो । नगर सभाका सदस्यहरुलाई ७ दिन अगाडी सभाका बैठकको प्रस्तावहरु जानकारी गराउनु पर्नेमा नगर प्रमुखको इच्छा अनुसार नगर सभा सन्चालन गरीएका ।
- नगर पालिकाको बैठक नियमित र आवश्यकताका आधारमा संञ्चालन नभएका । संबिधान,ऐन कानुन मिचेर कार्यपालिको बैठकका निर्णयहरु हुने गरेको ।
- नियम बिपरित न्यायिक समितिमा कानुनी सल्लाहकार तथा अन्य सहायक कर्मचारी भर्ना गरेको । न्यायिक समितिमा परेका उजुरीको समयमै छानविन नभएको ।

- बिषयगत शाखाहरुलाई बजेट बिहिन न्युन बजेट बिनयोजन गरी शाखागत रुपमा सेवा प्रवाहमा असहजता रहेको ।
- बिकास बजेट चालु तथा प्रशासनिक रुपमा खर्च गर्ने गरेको बित्तिय समानिकरण अनुदान प्रसासनिक रुपमा खर्च गरेको ।
- प्रशासनिक खर्च अनियमित रहेको प्रशासनिक खर्च भएको प्रमाणित हुने कागजात समेत स्पस्ट नभएको ।
- बजेट कार्यान्वयन गर्दा चैमासिक प्रगती देखिने गरी कार्यान्वयन गर्नुपर्नेमा अन्तिम चैमासिकमा तथा असार मसान्तमा बजेटको ठुलो हिस्सा खर्च गर्ने गरेको ।
- बिगत तीन आर्थिक बर्षमा बिकास निर्माणका योजना सञ्चालन नगरी अन्यत्र बजेट खर्च गरेको ।
- कोरोना महामारी नियन्त्रणको कारण देखाई विना कार्यविधी सोझै लगभग १०(दश) करोड जति खर्च गरेको ।
- सुशासन तथा बित्तिय उत्तरदायित्वको अवस्था कमजोर रहेको सुशासन पारदर्शिता जवाफदेहिता प्रति नगर सरकार बेखवर रहेको ।
- बिगत ५बर्षको बेरुजुको अवस्था दार्चुला जिल्लाकै उच्च यस शैल्यशिखरमा रहेको र असुल उपर गर्नुपर्ने रकम समेत असुल उपर नभएको ।
- जिन्सी मालसमान खरिद सार्वजनिक खरिद ऐन, नियमावलि बिपरीत रहेको ऐन नियमावलिका आधारभूत कानुनको समेत पालना नगरी समान खरीद भएको ।
- खर्च भएर नजाने समानको यकिन बिवरण र मौज्दात नभएको ।
- सरकारी रकमको दुरुपयोग गरी बिलासिताका बढि मुल्य पर्ने मालसमान खरीद गरी ब्यक्तिगत प्रयोजन गरेको ।
- करार कर्मचारी मार्फत जिन्सी शाखा सन्चालन गरेको । जिन्सी ब्यवस्थापन सुचना प्रणाली PAMS स्थायी कर्मचारी र्माफत सन्चालन गर्नुपर्नेमा त्यो नभएको ।
- कर्मचारीहरुको पद योग्यता प्रणालि क्षमताका आधारमा जिम्मेवारी बाँडफाड नभएको ।
- सेवाग्राहीलाई नियतवस दुःख दिने सेवा प्रवाहमा झन्झट गरी सेवाको लागी पटक पटक नगरपालिका धाउनु पर्ने अवस्थाको सिर्जना गरिएको ।
- सवारी साधनको अनाधिकृत प्रयोग हुने गरेको साथै जिन्सी दाखिला रेर्कड अध्यावधिक नभएको जिन्सी कितावमा भएको रेकर्ड अनुसार समान नभेटिएको ।
- वेरुजु र असुल उपर रकम वृद्धि हुदै गएको ।
- नगर भित्रका कर्मचारीहरुमा समन्वय नदेखिएको ।
- कार्यपालिकाले E- bidding प्रकियावाट ठेक्काहरु खोल्ने निर्णय गरिएको पुनः कार्यपालिकाले उक्त निर्णय वदर गरी ठेक्का सेटिङ्गमा हुने गरेका ।

- करार कर्मचारिको दायित्व २ करोड ८५ लाख रहेको ।
- प्रकिया विना मौखिक वनाएका योजनाहरुको दायित्व २ करोड ९४ लाख रहेको ।

## सुशासन तथा वित्तिय अनुशासन :–

आ.व.०७५/०७६ सम्म रु ६ करोड २३ लाख ६० हजार वेरुजु रहेको जसमध्ये निर्वाचीत भएको पहिलो सरकारको शुरु आ.व.देखी ४ बर्षको आ.ब ०७८/०७९ सम्मको असुल उपर रकम र वेरुजु रकम गरी कुल हाल सम्म जम्मा बेरुजु रकम रु.२,९१,२९,००००। अक्षरुपी उनान्तीस करोड वाह लाख नव्वे हजार रहेको पाईयो । जसमध्ये असुल उपर रकम रु १७ लाख ३६ हजार रहेको छ ।

१. नगर प्रमुख जस्तो जिम्मेवार ब्याक्ति बाट नियम बिपरित बिदेश भ्रमण गरी सरकारी कोषको रु १२,०४,८१२ रकम खर्च गरेको । साथै साथमा खरीदार स्तरका कर्मचारीको पनि बिदेश भ्रमण गराई आर्थिक व्ययभार थपिएको ।

२. ऐन नियमावलि बिपरित ब्यक्तिगत विलासिताका समानहरु जस्तै क्यामरा ,मोवाइल टि.भी.कुलर ,फ्रिज,सोफासेट आदीमा सरकारको अत्यधिक खर्च गरिएको जिन्सी समान खरिद गर्दा ऐन नियम विपरित नगर प्रमुख उप प्रमुखले गत १ वर्षमा मात्रै विलासिताका समानहरुमा रु ३४,००,००० खर्च गरिएको जसको जिन्सि दाखिला र खरिद आदेश समेत नभएको ।

३. मोवाईल रिर्चाज : नगर प्रमुख उपप्रमुखले अधिकार क्षेत्र वाहिर गई गत १ वर्षमा मात्रै रु १,९८,४००। वरावरको मोवाईल रिर्चाज खरिद गरेको ।

४. तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानि गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १,७८,३२,२०९। खर्च गरेको ।

**विभिन्न शिर्षकहरुमा आ.व ०७७/०७८ को मात्रै प्रकिया नपुगेका कागजपत्र नभएका वेरुजु रहेका व्याक्तिहरु :**

सुरेश विष्ट : ६१,८३,०५६। अक्षरेपी रु एकसठी लाख त्रियासि हजार छपन्न मात्र ।

चक्र सिह कार्की : ५३,६५,४५५। अक्षरुपी रु त्रिपन्न लाख पैसट्ठी हजार चार सय पचपन्न मात्र ।

मनोज सिह धामी : ११,५०,३५५। अक्षरुपी रु एघार लाख पन्ध्र हजार तीन सय पचपन्न मात्र ।

महेश सिह विष्ट : ९,८५,७४०। अक्षरुपी रु नौ लाख पचासि हजार सात सय चालिस मात्र ।

धन सिंह विष्ट : २,५८,८५०। अक्षरुपी रु दुई लाख अठावन्न हजार आठ सय पचास मात्र ।

रुपेश विष्ट :    २,४३,०००। अक्षरुपी रु दुई लाख त्रिचालिस हजार मात्र ।

श्रीराम जोशी :  १,३९,०००। अक्षरुपी रु एक लाख उनन्चालिस हजार मात्र ।

मोहन सिह डागा : ८,७०,६२५। अक्षरुपी रु आठ लाख सत्तरी हजार छ सय पच्चिस मात्र ।

विरभद्र जोशी :  ८,८३,०००। अक्षरुपी रु आठ लाख त्रियासी हजार मात्र ।

**गाडि भाडा** :

नगरप्रमुखले प्रयोगको लागी इन्धन बाहेक मासिक १,२५,०००। मसिक भाडाको गाडी विग्रेको भनी अर्को गाडी प्रयोग गरे वाफत रु २,७५,००० बढी आर्थिक अनियमितता देखिएको ।

**सप्ट्वर** :

जिन्सि व्यावस्थापन सम्बन्धी सफट्वर खरीद भनि रु ४,९५,०००। खर्च गरेको मा उक्त सफट्वर कार्यालयमा नदेखिएको ।

**बृत्त चित्र :** बित्तचित्र निर्माण गर्ने गरी रु४९८५०० भुक्तानी लिएको उक्त बित्तचित्र निर्माण तथा प्रशारण गरेको हाल सम्म कुनै रेकर्ड नभेट्एको ।

**बार्षिक खरिद योजना :** सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सिमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरु योजना र बार्षिक खरिद योजना तयार गर्नु पर्ने मा पालिकाले बिभिन्न शिर्षक अर्न्तगत १,१५,३७०,७९१ विना योजना उक्त रकम खर्च निर्माण कार्य गरेकोले सार्वजनिक खरिद ऐन बिपरित खरिद गरेको देखिएको ।

**कार्यबिधि :** कोभिड १९ नियन्त्रण तथा रोकथामको लागी कुनै कार्य बिधि तथा निर्देशिका विना रकम खर्च गरीएको रु ३,७५,७०,००८.२५ तीन करोड पचहत्तर लाख सत्तरी हजार आठ रुपया पच्चीस पैसा प्रकिया नपुगाई खर्च गरेको ।

**सुचना तथा सार्वजनिक सुनवाईको लागी ऐन नियमको व्यावस्था वमोजिम लागत अनुमान र खरिद प्रकिया पुरा नगरि सोझै भुक्तानी दिएको रकम ।**

१ जनचेतनामुलक श्रव्य दृश्य साम्रगी TV Today Network PVT LTD लाई ४,९९,५००।

२ विभिन्न सुचना तथा सन्देश प्रकाशन प्रशारण चौलानी मिडिया प्रा.लि. लाई रु ८,००,०००।

## नगरपालिकाको भावि नीति :

- नगरपालिकाको व्यायभार कम गर्न संगठन सर्वेक्षण अनुसार आवश्यकता र औचित्यको आधारमा दरवन्दी पुनरावलोकन गर्ने ।
- भष्टाचारमा सुन्य सहनशिलताको नीति अवलम्बन गरिने ।

- कहि कतै सेवा प्रवाहमा अनावश्यक झन्झट गरी सेवाग्राहीलाई नियतवश दुःख दिन खोजे सम्वन्धीत कर्मचारीलाई नियमानुसार कार्वाही गरी सवै वडामा सेवा प्रवाह सहज र सरल वनाईने ।
- नगरपालिकामा हेल्प डेस्क टोल फ्रि नम्वर र उजुरी पेटिकाको व्यावस्था गरिनेछ ।
- नगरपालिकाले तिर्नुपर्ने बाकि नियमसंगत रकम तथा दायित्वलाइ आन्तरिक स्रोतले धान्न नसक्ने भएकोले दायित्व रहेको रकम संघ र प्रदेश सँग समन्वय गरी कम गर्ने ।
- सवारी साधन, इन्धन खर्चमा मितव्ययिता साथै आन्तरिक नियन्त्रण प्रणालि लागु गरिने छ ।
- पुर्ववर्ति स्थानिय सरकाले अलपत्र छाडेका र पुरा नभएका आवश्यक योजनामा वजेट विनियोजन गरी सम्पन्न गर्ने ।
- करको दर भन्दा दायरा वृद्धि गरिनेछ साथै राजश्व संकलन सप्टवयर प्रणाली वाट लिने ।
- नगरभित्र भएका अन्य समस्याहरु छानविनको क्रममा रहेकोले थप कुरा प्रतिवेदन मार्फत सार्वजनिक गरिने ।

भरत वहादुर खडायत
नगर प्रवक्ता